आ.व. २०८०।०८१
वैठकः- नगर कार्यपालिका वैठक
अध्यक्षताः- नगर प्रमुख **सन्तोष लाल श्रेष्ठ**

बैठक नं १४।०८०।०८१
मितिः-२०८१।०२।१६ गते
स्थानः- ता.न.पा मिनिहल
समयः- साँझ ४ बजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| | श्री प्रतिक्षा सिंजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा.११ | सदस्य |
| | श्री सुनिल कुमार बस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य |
| | श्री वावुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा. ४ | सदस्य |
| – | श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य |
| | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य |
| | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य |
| | श्री हिमलाल पगेनी | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य |

| | | | |
|---|---|---|---|
| श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता न पा १२ | सदस्य |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता न पा १३ | सदस्य |
| श्री शोभाकर भट्टराई | वडा अध्यक्ष | ता न पा १४ | सदस्य |
| श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता न पा १ | सदस्य |
| श्री मन्जु बि.क | कार्यपालिका सदस्य | ता.न.पा १ | सदस्य |
| श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा २ | सदस्य |
| श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा ६ | सदस्य |
| श्री संजय घले | कार्यपालिका सदस्य | ता.न.पा ४ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता.न.पा. १० | सदस्य |
| श्री हरिराम नागिला | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का | सचिव |

श्री मान बहादुर कार्की का. वा. १५ [illegible]

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

**निर्णय नं. १**

तानसेन नगरपालिकाको आगामी आ.व. २०८१।०८२ को लागि निम्न क्षेत्रमा देहाय बमोजिम न्यूनतम मूल्य राखी शुल्क, पार्किङ्ग शुल्क, कबाडी शुल्क र सटरभाडाको बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

| सि.नं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| क | रानीमहलको प्रवेश शुल्क, ता.न.पा.१३ | ७७,५०,००० | वार्षिक |
| ख | सवारी साधन पार्किङ्ग शुल्क, सम्झौतामा तोकिएको क्षेत्र | १५,८०,००० | वार्षिक |
| ग | जडिबुटी, कवाडी निकासी शुल्क तथा कर | ७,७५,००० | वार्षिक |
| घ | वडा नं. ७ वडा कार्यालयको सटर भाडा | ८८००० | मासिक |
| ङ | श्रीनगर पार्क, शुल्क संकलन तथा व्यवस्थापन | २८,८०,००० | वार्षिक |

**निर्णय नं. २**

तानसेन नगरपालिका वडा नं. १३ को बौघागुम्हा र वडा नं. ९ को दमकडामा अस्थायी प्रहरी चौकी स्थापनाको लागि जिल्ला प्रशासन कार्यालय पाल्पा मार्फत अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

तानसेन नगरपालिका वडा नं. ६ मा ढल निर्माण योजनाको नपुग रकम रु. ४,२९,०८९। (चारलाख उन्तीस हजार उनान्नब्बे मात्र) चालु आ.व.को नगर विकास योजनाको दायित्व सरी आएको योजनाहरु ढुंगा छाप्ने कार्य (दरवार परिसर अगाडी संरचना भत्काएको स्थानमा) शिर्षकबाट खर्च गरी नगरसभाबाट अनुमोदन गर्नेगरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

तानसेन नगरपालिका स्थित श्रीनगर क्षेत्रमा महिला शौचालय निर्माण कार्य विभिन्न कारणले स्थगन गरिएकोमा विभिन्न निकायहरुसंग समन्वय र सहमतिको आधारमा शौचालय निर्माण पून: सुचारु गर्ने निर्णय गरियो । साथै उक्त श्रीनगर क्षेत्रको उचित संरक्षण तथा हरित पार्कको रुपमा विकास गरी तानसेन नगरपालिका र समग्र पाल्पा जिल्लाको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्नेगरी जग्गाको भोगाधिकार तानसेन नगरपालिकाले प्राप्त गर्नको लागि सम्वन्धित मन्त्रालय र निकायमा पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

तानसेन नगरपालिकाको आगामी आ.व.२०८१।०८२ को नगर दररेट निर्धारण गरी मिति २०८१।३।१५ गते भित्र पेश गर्न दररेट समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

क) तानसेन नगरपालिकाबाट यस आ.व.मा वडा नं. १४ मा संचालित माघे सक्रान्ति मेला व्यवस्थापनको सम्वन्धमा बैठकमा छलफल भयो । उक्त मेलाको ठेक्का प्रकृयाबाट संचालन गर्नेगरी मिति २०८०।८।२० गते प्रकाशित सूचना अनुसार साम्राज्ञी निर्माण सेवा टोखा काठमाण्डौलाई दरभाउपत्र स्वकिृती भएकोमा गुल्मी जिल्ला रुरु गाउपालिकाका जनप्रतिनिधी र स्थानीयहरु समेत उक्त क्षेत्र तानसेन नगरपालिकाको मात्र नभई रुरु गाउपालिकाको समेत पर्ने व्यहोरा जिकिर गरी मेला संचालनमा वाधा सृजना भएकोमा गुल्मी जिल्ला रुरु गाउपालिकाका जनप्रतिनिधी र स्थानीयहरु साथै तानसेन नगरपालिका वडा नं. १४ का वडा अध्यक्ष, सुरक्षा निकाय र साम्राज्ञी निर्माण सेवाका प्रतिनिधीहरु विच छलफल भई उक्त स्थानमा काम नगर्ने मौखिक सहमती भएकोले उक्त निर्माण व्यवसायीले काम नगर्ने गरी निवेदन पेश गरेको हुदा दरभाउपत्रमा दाखिला गरेको धरौटी र सम्पर्कमा आउदा जम्मा गरेको रकम फिर्ताका लागि निवेदन पेश

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

गरेकोमा राजश्व परामर्श समितिको सिफारिस अनुसार आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

ख) तानसेन नगरपालिकाबाट मिति २०८० फाल्गुण १९ देखि चैत्र १ गतेसम्म सञ्चालन गरिएको कृषि, रोजगार, पर्यटन, उद्योग र व्यापार तानसेन महोत्सव, २०८० को आय व्ययको सम्बन्धमा बैठकमा जानकारी भयो यस सम्बन्धमा महोत्सव सम्बन्धी भएका खर्चहरु प्रक्रिया पुरा गरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

नगरपालिकाबाट मिति २०८०।११।२७ मा खरिद आदेश भई खरिद गरिएको Yamaha FZFIV3 NonABS को मोटरसाइकलको रकम रु.३९९९०० चालु आ.व.को नगर विकास योजनाको सवारी साधन खरिद शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

क) तानसेन नगरपालिकाको मिति २०८०।१०।२६ गते बसेको कार्यपालिका बैठकबाट बर्तुङ्ग चोक पोखरा जाने बाटो फलामे गेटको संरचना निर्माण कार्यको लागि रु. २ (दुई) लाख विनियोजन भएकोमा उक्त योजनाको शिर्षक परिवर्तन गरी सोही बजेटबाट वडा नं. ६ को बर्तुङ्ग क्षेत्रमा पूर्वाधार निर्माण (फलामे भर्‍याङ, सतचुली मन्दिरको गेट र कुर्चीहरु लगायतको) शिर्षक कायम गर्ने निर्णय गरियो ।

ख) तानसेन नगरपालिका वडा नं. ३ टक्सारको सार्वजनिक शौचालय मर्मत गर्नका लागि नगर विकास योजनाको **मर्मत सम्भार कोष** शिर्षकबाट रु.९८०००। (अन्ठान्नब्बे हजार मात्र) रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

चालु आ.व.२०८१।०८२ को बैशाख महिनासम्मको रु. ६५०३९४२५६।२९ आय र ५६९१०५१०४।४० व्ययको विवरण बैठकमा पेश गरिएकोमा सो उपर छलफल गरी अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०**

तानसेन नगरपालिका वडा नं. ८ सिद्धार्थ राजमार्गबाट छाप निस्कने सडक मर्मतको लागि प्राविधिक लागत ईष्टिमेटका आधारमा इन्धन प्रयोग हुने गरी कार्य अगाडि बढाउने साथै वडा नं. ११ को भालुवा हुँदै बजार निकासी हुने सडक मर्मतको लागि प्राविधिक लागत अनुमानका आधारमा इन्धन प्रयोग हुने गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ११**

नेपाल टुरीजम एक्सपोमा नगरपालिकाबाट सहभागिता जनाउने निर्णय गरियो । यसको वित्तीय व्यवस्थाको लागि चालु आ.व.को नगर विकास योजनाको पर्यटन कार्यसमिति, तानसेन (TACT) मा विनियोजन गरिएको रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

नेपाल क्षयरोग मुक्त अभियानको लागि देहाय बमोजिम समिति गठन गर्ने निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| १ | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | संयोजक |
| २ | श्री प्रतिक्षा गाहा सिंजाली | नगर उपप्रमुख | सह संयोजक |
| ३ | श्री हरिराम नागिला | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४ | श्री यादव सिंह कार्की | नगर प्रवक्ता, वडा अध्यक्ष ११ | सदस्य |

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

निर्णय प्रमाणित गर्ने

२०८१।२।१५

CamScanner

| | | | |
|---|---|---|---|
| ५ | श्री सुनिल कुमार बस्याल | वडा अध्यक्ष वडा नं १ | सदस्य |
| ६ | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | सदस्य |
| ७ | श्री बाबुरत्न शाक्य | वडा अध्यक्ष वडा नं ३ | सदस्य |
| ८ | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष वडा नं ४ | सदस्य |
| ९ | श्री राम बहादुर रावल | वडा अध्यक्ष वडा नं ५ | सदस्य |
| १० | श्री सागरमान महर्जन | वडा अध्यक्ष वडा नं ६ | सदस्य |
| ११ | श्री प्रदिप खनाल | वडा अध्यक्ष वडा नं ७ | सदस्य |
| १२ | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष वडा नं ८ | सदस्य |
| १३ | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष वडा नं. ९ | सदस्य |
| १४ | श्री हिमलाल पंगेनी | वडा अध्यक्ष वडा नं. १० | सदस्य |
| १५ | श्री मेजर सिंह केसी | वडा अध्यक्ष वडा नं. १२ | सदस्य |
| १६ | श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष वडा नं. १३ | सदस्य |
| १७ | श्री शोभाकर भट्टराई | वडा अध्यक्ष वडा नं. १४ | सदस्य |
| १८ | श्री शंकर पौडेल | सरस्वती मा.वि प्र.अ | सदस्य |
| १९ | श्री कोपिला न्यौपान | शिक्षा शाखा प्रमुख | सदस्य |
| २० | श्री युनाईटेड मिशन अस्पताल | प्रमुख / प्रतिनिधि | सदस्य |
| २१ | श्री लुम्बिनी मेडिकल कलेज तथा शिक्षण अस्पताल | प्रमुख प्रतिनिधि | सदस्य |
| २२ | श्री टुम्ला वज्राचार्य | महिला स्वास्थ्य स्वयंसेविका | सदस्य |
| २३ | श्री नेपाल क्षयरोग संघ | अध्यक्ष प्रतिनिधि | सदस्य |
| २४ | श्री स्थानीय तह स्वास्थ्य संस्थाबाट २ जना | प्रमुख प्रतिनिधि | सदस्य |
| २५ | फणिन्द्र न्यौपाने | स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

**निर्णय नं. १३**

तानसेन नगरपालिका वडा नं. ११ मा पर्ने कृषि उपज संकलन तथा बेचबिखन गर्न सडक सुधार गर्नुपर्ने भएकोले सडक मर्मत सम्भार तथा सुधार गर्नका लागि तानसेन नगरपालिकाको विपद् व्यवस्थापन शिर्षकबाट १८१९४४।९१ विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

पोखरामा सम्पन्न लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षणको कार्यक्रमको प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

तानसेन नगरपालिका वडा नं. ५ मा रहेको फोहोर मैला व्यवस्थापन क्षेत्रमा बाँस प्रजातिको बृक्षारोपण गर्नको लागि देउराली सामुदायिक वन उपभोक्ता समितिसंग बढीमा १ लाख रकम फोहर मैला व्यवस्थापन शिर्षकबाट उपलब्ध गराउने गरी सम्झौता गर्ने निर्णय गरियो ।

२०७८।१२।१८

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

**निर्णय नं.१६**

राष्ट्रिय लोकदोहरी प्रतिष्ठान, लुम्बिनी प्रदेशबाट प्रस्ताव गरिएको प्रस्ताव पत्रमा उल्लिखित कार्यक्रम गर्नका लागि तानसेन नगरपालिकाको **कला संस्कृति संरक्षण सम्वर्द्धन** शिर्षकबाट रु.१५००० उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १७**

चालु आ.व.०८०।०८१ का बाँकी योजना तथा कार्यक्रमहरुको श्रोतान्तर गरी आन्तरिक स्रोतबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १८**

तानसेन नगरपालिकाको आ.व. ०८०।०८१ को आन्तरिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

तानसेन नगरपालिका वडा नं. ३ स्थित श्री जनता माध्यमिक विद्यालयले विद्यार्थीहरु विद्यालय आउन जानको लागि असहज भएकोले विद्यालय वस उपलब्ध गराउनको लागि भारतीय दुतावास काठमाण्डौको नाममा सिफारिसका लागि अनुरोध भई आएकोले उक्त विद्यालयको **विद्यालय वस** व्यवस्थापन सहयोगको लागि भारतीय दुतावास काठमाण्डौमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

सशस्त्र प्रहरी बल, नेपाल नं. ३५ गुल्म पाल्पाले सि.अ. मेश जिर्ण अवस्थामा रहेकोले निर्माण गर्नको लागि सहयोग माग गरेकोले उक्त निर्माण कार्यको लागि तानसेन नगरपालिकाको **दायित्व सरीआएको योजनाहरु ढुंगा छाप्ने कार्य (दरवार परिसर अगाडी संरचना भत्काएको स्थानमा)** भन्ने शिर्षकबाट रु. ६४०००। चौसट्ठी हजार मात्र) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २१**

तानसेन नगरपालिका र तानसेन नगरपालिकाको कार्यालय संग सम्बन्धित विषयमा पर्ने मुद्दाका सम्वन्धमा कानून व्यवसायी मुकरर गर्ने, लिखित जवाफ पेश गर्ने, वारेश राख्ने लगायत मुद्धासंग सम्वन्धित सम्पूर्ण काम कारवाही गर्ने गरी यस तानसेन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरीयो ।

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

निर्णय प्रमाणीकरण
२०८१।१।१६